कल्याणपुर, सप्तरी

पत्र संख्या : ०७७/७८

चलानी नं. : ३६८३

मिति : २०७७/०५/१७

**विषय: लकडाउन थप गरिएको सुचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका द्वारा मिति २०७७/०४/१८ मा प्रकाशित सुचना बमोजिम विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी दोश्रो चरणमा प्रवेश गरिसकेको अवस्थालाई मध्यनजर राखी कुनै पनि नगरबासी बेसितीमा ज्यान गुमाउन नपरोस भनि पूर्व सतर्कता अपनाई यो नगरलाई कोरोना संक्रमणबाट बचाउन हामी सबैको परम कर्तव्य रहेकोले मिति २०७७/०४/१९ देखि २०७७/०५/०१ गते सम्म पुर्ण लकडाउन गरिएको र सो लकडाउनलाई नगरबासीले आत्मसाथ गरी पालना गरिदिनु भएको तथ्यलाई उच्च कदर गर्दै सम्पुर्ण नगरवासीमा धन्यवाद ज्ञापन गर्दछौं ।

कोरोना महामारीको संक्रमण समुदाय स्तरमा पुगिसकेको जुनसुकै बेला पनि कोरोना फैलिने संभावनालाई मध्य नजर गर्दै यस खडक नगर कार्यपालिकाको मिति २०७७/०५/१७ गते बसेको बैठकको निर्णयानुसार पुनः मिति २०७७/०५/१८ गते देखि २०७७ भाद्र मसान्त सम्म पुर्ण लकडाउन गरिएको व्यहोरा सम्पुर्ण नगरबासीको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । दैनिक उपभोगका अत्ति आवश्यक सामान चाहिएमा मास्क, सेनिटाईजर जस्ता सुरक्षात्मक कबच प्रयोग गरी मात्र विहान ७ :०० बजे देखि विहान ९ :०० बजे भित्र लिई दिई सक्नु पर्नेछ । सूचनाको अवहेलना नगरिदिनु हुन आम नगरबासीमा सादर अनुरोध छ ।

२०७७/५/१७

महि नारायण चौधरी

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com, 031-540054